# कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

## **आवश्यकता सम्बन्धी सूचना**

(गोरखापत्रमा प्रकाशित मिति : २०७९/०३/२८ गते)

यस कोषमा रिक्त रहेका निम्न पदहरु लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट मिति २०७९/०३/२८ गतेदेखि Online दरखास्त आह्वान गरिएको छ । तोकिएको योग्यता पुगेका इच्छुक आवेदकले सूचनामा तोकिए बमोजिमको प्रक्रिया पुरागरी Online दरखास्त फारम भर्नुपर्नेछ। झुट्टा विवरण उल्लेख गरी Online फारम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनुपर्नेछ। म्याद भित्र दाखिला नभएको र रीत नपुगी भरिएका दरखास्तहरु उपर कुनै कारवाही हुनेछैन ।

**विज्ञापन नम्बर र पदको विवरण :**

| विज्ञापन नं. | तह | पद | सेवा/ समूह | खुला र समावेशी | पदसंख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| २४/०७८/७९ | ९ | बरिष्ठ प्रबन्धक | प्रशासन | खुला | १ (एक) | रु.१,३००।-(एक हजार तीन सय) |
| २५/०७८/७९ | ८ | प्रबन्धक | प्रशासन | खुला | १ (एक) | तह ६, ७ र ८ तह अन्तर्गत रहेका प्रत्येक पदको प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.१,१००।-(एक हजार एक सय) र प्रत्येक थप समावेशी समुहको लागि थप दस्तुर रु. ५००/-(पाँच सय) बुझाउनु पर्नेछ । तर कुनै एक समावेशी समूहका लागि मात्र दस्तुर रु.१,१००।- तथा एक भन्दा बढी समावेशी समूहमा सहभागी हुन प्रत्येक थप समावेशी समूहका लागि थप रु.५००।- लाग्ने । |
| २६/०७८/७९ | | | | महिला | १ (एक) | |
| २७/०७८/७९ | ७ | उप प्रबन्धक | प्रशासन | खुला | १ (एक) | |
| २८/०७८/७९ | | | | महिला | १ (एक) | |
| २९/०७८/७९ | | | | आदिवासी/जनजाति | १ (एक) | |
| ३०/०७८/७९ | ७ | उप प्रबन्धक (वित्त विश्लेषक) | प्रशासन/वित्त | खुला | १ (एक) | |
| ३१/०७८/७९ | | | | महिला | १ (एक) | |
| ३२/०७८/७९ | ६ | सहायक प्रबन्धक | प्रशासन | खुला | १२ (बाह्र) | |
| ३३/०७८/७९ | | | | महिला | २ (दुई) | |
| ३४/०७८/७९ | | | | आदिवासी/जनजाति | २ (दुई) | |
| ३५/०७८/७९ | | | | मधेशी | ४ (चार) | |
| ३६/०७८/७९ | | | | दलित | २ (दुई) | |
| ३७/०७८/७९ | | | | पिछडिएको क्षेत्र | १ (एक) | |
| ३८/०७८/७९ | ६ | सहायक प्रबन्धक (कानून) | प्रशासन/कानून | महिला | १ (एक) | |
| ३९/०७८/७९ | ५ | प्रमुख सहायक | प्रशासन | खुला | १ (एक) | तह ४ र ५ तह अन्तर्गत रहेका प्रत्येक पदको प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.६००।-(छ सय) र प्रत्येक थप समावेशी समुहको लागि थप दस्तुर रु. ३००/-(तीन सय) बुझाउनु पर्नेछ । तर कुनै एक समावेशी समूहका लागि मात्र दस्तुर रु.३००।- तथा एक भन्दा बढी समावेशी समूहमा सहभागी हुन प्रत्येक थप समावेशी समूहका लागि थप रु.३००।- लाग्ने । |
| ४०/०७८/७९ | ५ | सब इन्जिनियर | प्राविधिक/इन्जिनियरिङ्ग | खुला | १ (एक) | |
| ४१/०७८/७९ | ४ | सहायक | प्रशासन | खुला | १३ (तेह्र) | |
| ४२/०७८/७९ | | | | महिला | ३ (तीन) | |
| ४३/०७८/७९ | | | | आदिवासी/जनजाति | ३ (तीन) | |
| ४४/०७८/७९ | | | | मधेशी | २ (दुई) | |
| ४५/०७८/७९ | | | | दलित | १ (एक) | |
| ४६/०७८/७९ | | | | अपाङ्ग | १ (एक) | |
| ४७/०७८/७९ | | | | पिछडिएको क्षेत्र | १ (एक) | |

(क) परीक्षाको किसिम **:** प्रमुख सहायक र सहायक पदमा लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता र अन्य सबै पदहरुमा लिखित तथा अन्तर्वार्ता हुने ।

(ख) आवश्यक न्यूनतम योग्यता :

- (१) बरिष्ठ प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तिमा सात बर्ष कार्य गरेको अनुभव हासिल गरेको ।
- (२) प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तिमा पाँच बर्ष कार्य गरेको अनुभव हासिल गरेको ।
- (३) उप प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तिमा पाँच बर्ष कार्य गरेको अनुभव हासिल गरेको ।
- (४) उप प्रबन्धक (वित्त विश्लेषक) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकाय अन्तर्गत लेखा वा वित्त विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधी प्राप्त गरेको ।
- (५) सहायक प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको ।
- (६) सहायक प्रबन्धक (कानून) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट कानून विषयमा स्नातक उपाधि प्राप्त गरी कानून वा अन्य कुनै विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।
- (७) प्रमुख सहायक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरह उपाधि प्राप्त गरेको ।
- (८) सव इन्जिनियर (प्रा.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।
- (९) सहायक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र वा उच्च माध्यमिक (१०+२) वा सो सरहको उपाधि प्राप्त गरेको ।

(ग) स्थायी वा अस्थायी :- स्थायी ।

(घ) निबृत्तभरण : कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली ,२०७८ बमोजिम योगदानमा आधारित निबृत्तभरण पाउने ।

(ङ) उमेरको हद :

- (१) पाँचौ तह वा सो भन्दा मुनीको तहमा दरखास्त दिने अन्तिम मितिसम्ममा अठार वर्ष उमेर पुरा भई पैतीस वर्ष ननाघेको । तर महिला र अपाङ्गको हकमा चालिस वर्ष ननाघेको ।
- (२) छैठौं तह तथा सातौ तहको वित्त विश्लेषक पदमा एक्काईस वर्ष पुरा भै पैतीस वर्ष ननाघेको । तर महिला र अपाङ्गको हकमा चालिस वर्ष ननाघेको ।

(३) कार्य अनुभव चाहिने सातौं तह वा सो भन्दा माथिका तहमा दरखास्त दिने अन्तिम मितिसम्ममा एक्काईस वर्ष उमेर पुरा भई पैतालिस वर्ष ननाघेको।

(४) वहालवाल कोषका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(च) परीक्षणकाल : कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३२ को व्यवस्था अनुरुप हुनेछ।

(छ) तलब स्केल र अन्य सुविधा : कोषको प्रचलित नियमानुसार।

(ज) प्रत्येक सेवा अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा हुनेछ।

(झ) दरखास्त फाराम र दरखास्त दस्तुर बुझाउने प्रक्रिया : अनलाइनबाट दरखास्त फारम भर्न कर्मचारी सञ्चय कोषको Website : www.epf.org.np को careers भित्र गई Online Application वा सोझै https://vacancy.epf.org.np बाट भर्न सकिनेछ। अनलाईन दरखास्त फाराम submit गरेपछि प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने दरखास्त दस्तुर Connect IPS, e-Sewa वा Khalti मार्फत बुझाउन सकिनेछ। कोषको अनलाईन दरखास्त फारम भर्दा कुनै द्विविधा भएमा यस कोषको टेलिफोन नं ०१-५०१०१३२ र ०१-५०१०१७२ मा सम्पर्क गरी वा कोषको e-mail: hrs@epf.org.np मार्फत बुझ्न सकिनेछ।

(ञ) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक शैक्षिक प्रमाणपत्रहरु तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र Upload गरे पुग्नेछ। सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति पेश गर्नुपर्नेछ। झुट्टा विवरण उल्लेख गरी Online फारम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ।

(ट) दरखास्त दस्तुर : यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सूचनामा तोकिएबमोजिमको दरखास्त दस्तुर Connect IPS, e-Sewa वा Khalti मार्फत बुझाउनु पर्नेछ। यो सूचना प्रकाशन भएको २१ दिन पश्चात थप ७ दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिनेछ। दरखास्त अस्वीकृत भएका फारमहरुको दरखास्ता दस्तुर फिर्ता हुनेछैन।

(ठ) सर्म्पक तथा परीक्षा हुने मिति पछि प्रकाशित गरिनेछ।

(ड) कोषमा लागू रहेको कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम २७ बमोजिम प्रतीक्षा सूचीको व्यवस्था रहनेछ।

(ढ) समकक्षता निर्धारण प्रमाणपत्र : उपर्युक्त पदहरुमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको Scan Copy अनिवार्य रुपमा Upload गर्नुपर्नेछ। साथै पेश भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ।

(ण) कोषको स्थायी सेवामा प्रवेश गरेका कर्मचारीको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यता कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम १३ को व्यवस्था अनुरुप हुनेछ।

(त) कार्य गर्नुपर्ने क्षेत्र : सव इन्जिनियर, वित्त विश्लेषक र सहायक प्रबन्धक (कानून) का पदले काठमाडौं उपत्यकास्थित कार्यालय तथा अन्य पदहरुले काठमाडौं उपत्यका बाहिरका शाखा कार्यालय तथा सेवा केन्द्रहरु।

(थ) अनलाइन मार्फत प्राप्त आवेदनहरु स्वीकृत/अस्वीकृत गर्ने अधिकार कोषलाई हुनेछ।

(द) उक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि बिशेष निर्देशन**

समावेशी समूह तर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल प्रति समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाईएमा जुनसुकै बखत दरखास्त रद्ध हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) अपाङ्गका हकमा : समाज कल्याण परिषद्‌बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) पिछडिएको क्षेत्रका हकमा : अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानिय तहबाट हाल सोहि स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिनभन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा विवाह तथा बसाईंसराईं गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाण पत्र र बसाईंसराईंको हकमा छाडेको र गएको स्थानिय तहको बसाईंसराईं गरेको खुल्ने कागजात।

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं. ०१-५०१०१३२